# कोभिड–१९ को संक्रमणको जोखिमको कारण आवागमन निषेध (लकडाउन) बाट विपद्मा परेका परिवारको लागि राहत वितरण सम्बन्धी मापदण्ड, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः– २०७६/१२/२०
प्रमाणिकरण मितिः २०७६/१२/२०

## इस्मा गाउँपालिका, गुल्मी

## २०७६

# इस्मा गाउँपालिकाको

## कोभिड–१९ को संक्रमणको जोखिमको कारण आवागमन निषेध ( लकडाउन ) बाट विपद्मा परेका परिवारको लागि राहत वितरण  सम्बन्धी मापदण्ड, २०७६

नेपालको संविधानको धारा ३७ को आवासको हक तथा धारा ४२ उप-धारा (२) र (५) मा आर्थिक रुपले विपन्न,लोपोन्मुख समुदाय, द्वन्द्वपिडीत, शहिद तथा घाइतेहरुको संरक्षण, उत्थान, सशक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा प्राथमिकता पाउने हक हुने व्यवस्था भएकाले हाल भएको कोभीड–१९ को संक्रमणबाट यस गाउँपालिका अन्तरगत  दैनिक रोजगारी गुमाएका तथा विभिन्न कारणले दैनिक जीवनयापन गर्न समस्यामा परेका नागरिकको बाँच्न पाउने अधिकार सुनिश्चित गर्नका लागि इस्मा गाउँकार्यपालिकाले देहायको राहत वितरण मापदण्ड बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यस मापडण्डको नाम  " **कोभिड–१९ को संक्रमणको जोखिमको कारण आवागमन निषेध ( लकडाउन )बाट विपद्मा परेका परिवारको लागि राहत वितरण  सम्बन्धी मापदण्ड, २०७६**" रहेको छ ।

(२) यो मापदण्ड गाउँ कार्यापालिका वाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा :</u>विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा -

(क) "गाउँसभा" भन्नाले इस्मा गाउँपालिकाको गाउँसभा सम्झनु पर्दछ ।

(ख) "कार्यपालिका" भन्नाले इस्मा गाउँकार्यपालिका सम्झनु पर्दछ ।

(ग) "राहत वितरण" भन्नाले यस कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका लाभग्राहीलाई जुनसुकै प्रकारको  वस्तु हस्तान्तरण गरिएको कार्य सम्झनु पर्दछ ।

(घ) "लाभग्राही" भन्नाले दफा ३ बमोजिम छनौट भएको लाभग्राही व्यक्ति वा परिवार सम्झनु पर्दछ ।

( ङ )"अनुगमन समिति" भन्नाले दफा ८ (ग) बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(च) र्‍यापिड रेस्पोन्स टिम (RRT) भन्नाले वडा तथा गाउँपालिकामा कोभीड–१९ को प्रभावमा परेका नागरिकलाई द्रुत सहयोग गर्ने दफा ८ को उपदफा (क) र (ख) वमोजिम गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद २

## लाभग्राहीको पहिचान र तथ्यांक संकलन

३. **<u>लाभग्राहीको पहिचान र छनौट</u>**: (१) लाभग्राही वर्गको पहिचान देहायका आधारमा गरिने छ :-

क) आफ्नो वडा भित्रका स्थायी बसोवास गरेका परिवार ,

ख) अति विपन्न आफ्नो स्रोतबाट १ महिना पनि खान नपुग्ने परिवार,

ग) निरन्तर अदक्ष ज्याला मजदुरीवाट जीवन यापन गरिरहेका परिवार,

घ) कोभीड–१९ को कारणबाट आफ्नो दैनिक कार्य गर्न असमर्थ भई विहान वेलुकाको छाक टार्न समस्या भएको तथा सहज जीवनयापन गर्न बन्चितिकरणमा परेको परिवार।

(२) उपदफा (१) बमोजिम पहिचान भएका लाभग्राहीहरुको लगत सम्बन्धित वडा कार्यालय र वडास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT) मार्फत संकलन गरिने छ ।

(३) लाभग्राहीको अन्तिम छनौट गाउँपालिकास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT) को सिफारिसमा गाउँकार्यपालिकाले गर्ने छ ।

४) माथि जेसुकै लेखिएतापनि विगत ६ महिना देखि ज्यालामजदुरीको लागि गाउँपालिका क्षेत्रभित्र निरन्तर रुपमा बसेको व्यक्ति वा परिवार ।

४.**<u>कार्यक्रम कार्यान्वयन तथा राहत वितरण :</u>** (१) इस्मा गाउँपालिका भित्रका दफा (३) को उपदफा (३) बमोजिम कार्यपालिकाले छनौट गरेका लाभग्राहीहरुलाई निश्चित मापदण्डको आधारमा राहत वितरण गरिने छ ।

(२) उपदफा १ बमोजिम छनौट भएका लाभग्राहीहरुलाई राहत सम्बन्धित वडा कार्यलयबाट अनुसूचि १ वमोजिमको राहत उपलब्ध गराई, अनुसूचि २ बमोजिम राहत प्राप्त गर्ने व्यक्तिको विवरण तथा अनुसूचि ३ वमोजिम राहत वितरणको अभिलेख राखि गाउँपालिकामा पठाउनु पर्ने छ ।

(३) उपदफा २ वमोजिम प्राप्त विवरण एकीकृत गरी अनुसूचि ४ वमोजिम प्रतिवेदन तयार गरी गाउँपालिकाले सम्वन्धित मन्त्रालयमा पठाउनु पर्ने छ ।

## परिच्छेद ३

## बजेट व्यवस्था, गुणस्तर र खरिद प्रक्रिया

५.**<u>बजेट व्यवस्था :</u>** (१) विपद् व्यवस्थापन कोष तथा सो सम्वन्धी अन्य कोष, गाउँसभाबाट स्वीकृत बजेट गाउँ कार्यपालिकाले उपलब्ध गराउने छ ।

६.**<u>गुणस्तर तथा परिमाण :</u>** (१) राहतको गुणस्तर तथा परिमाण देहाय वमोजिम हुने छ ।

(क) राहत सामग्रीको प्रकृति तथा परिमाण लाभग्राहीको अवस्था हेरी गाउँपालिकास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT) को सिफारिसमा अनुसूची (१) वमोजिम गाउँकार्यपालिकाले निणर्य गरे वमोजिम ।

**७) खरिद प्रक्रिया:** राहत वितरणको लागि जिन्सी सामान खरिद गर्नु परेमा विपद्को घनत्व हेरी देहाय वमोजिम खरिद प्रक्रिया गरिने छ ।

क) खाद्य सामग्री, लत्ता कपडा, औषधीको हकमा एक पटकमा रु १० लाख सम्मको सामग्री व्यवसायी सँग सिधै वार्तावाट खरिद गर्न सकिने तथा अन्यको हकमा प्रचलित कानून वमोजिम हुने छ ।

## परिच्छेद ४
## समिति सम्बन्धी व्यवस्था

**८)** समस्या पहिचान, द्रूत उद्धार ,राहत तथा समन्वय, सहजीकरण र अनुगमनका लागि देहाय बमोजिम समिति गठन गरिनेछ ।

तत्काल देखिएको वा देखिन सक्ने विभिन्न प्रकारका संकटमोचनका लागि तथा द्रुत राहत तथा उद्धार र सो कार्यको अनुगमन गर्न गाउँपालिकामा गाउँपालिकास्तरीय र्‍यापिट रेस्पोन्स टिम (RRT),वडा स्तरमा  वडा र्‍यापिड रेस्पोन्स टिम (RRT) तथा गाउँपालिकास्तरीय अनुगमन समिति गठन गर्न सकिने छ । उक्त टिममा देहायका पदाधिकारी रहने व्यवस्था गर्ने ।

**क) गाउँपालिकास्तरीय  र्‍यापिड रेस्पोन्स टिम (RRT)**

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) सूचना प्रविधि अधिकृत | सदस्य |
| ४) लेखा शाखा प्रमुख | सदस्य |
| ५) स्थानीय प्रहरी चौकी प्रमुख | सदस्य |
| ६) स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| ७) प्र.प्र. अधिकृत | सदस्य सचिव |

समितिमा आवस्यकता अनुसार विषयविज्ञलाई आमन्त्रित गर्न सकिने छ ।

**ख) वडास्तरीय  र्‍यापिड रेस्पोन्स टिम (RRT)**

| | |
|---|---|
| १) वडाध्यक्ष | संयोजक |
| २) वडा समिति सदस्यहरु | सदस्य |
| ३) क्रियाशील राजनीतिक दलका प्रतिनिधी १/१ | सदस्य |
| ४) स्थानीय वुद्धिजीवि/उद्यमी/संघ संस्थाको प्रतिनिधि १जना | सदस्य |
| ५) वडा सचिव | सदस्य सचिव |

समितिमा आवस्यकता अनुसार विषयविज्ञलाई आमन्त्रित गर्न सकिने छ ।

**ग) अनुगमन समितिः**

| | |
|---|---|
| १) गाउँपालिका अध्यक्ष | संयोजक |
| २) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ४) गाउँपालिका प्रवक्ता | सदस्य |
| ५) क्रियाशील राजनीतिक दलका प्रतिनिधी १/१ | सदस्य |
| ६) प्रेश संयोजक | सदस्य |
| ७) प्र.प्र. अधिकृत | सदस्य सचिव |

**९.समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

**१) गाउँपालिकास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT)**

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था गर्ने ।

(ख) कार्यक्रम कार्यान्वयनको लागि आवश्यक समन्वय गर्न वडास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT)र वडा कार्यालयहरुलाई आवश्यक निर्देशन दिने ।

(ग) कार्यक्रमको प्रगति समीक्षा गर्ने ।

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आइ पर्ने बाधा अड्चन फुकाउने ।

(ङ) कार्यक्रमको अनुगमन मुल्यांकन गरी गाउँकार्यपालिकालाई पृष्ठपोषण दिने ।

**२) वडास्तरीय र्‍यापिड रेस्पोन्स टिम RRT**

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धी आवश्यक नीतिगत व्यवस्था कार्यान्वयन गराउने ।

ख) लाभग्राहीको तथ्यांक संकलन गरी वडा कार्यालयमा सिफारिस गर्ने ।

(ग) कार्यक्रमको प्रगति समीक्षा गरी गाउँपालिकास्तरीय र्‍यापिड रेस्पोन्स टिम(RRT)मा पेश गर्ने।

(घ) कार्यक्रम कार्यान्वयनको क्रममा आइ पर्ने बाधा अड्चन फुकाउन सम्वन्धित वडा कार्यालयमा अनुरोध गर्ने ।

(ङ) कार्यक्रमको अनुगमन मुल्यांकन गरी वडा कार्यालय तथा गाउँपालिकास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT)लाई पृष्ठपोषण दिने ।

**३) अनुगमन समितिः**

(क) कार्यक्रम कार्यान्वयनको प्रभाकारीता ,नागरिक सन्तुष्टि तथा लागत प्रभावकारीताको गहन तथा सूक्ष्म अनुगमन गर्ने ।

(ख)कार्यक्रमको प्रगति समीक्षा गरी आगमी दिनमा गरिने त्यस्तै प्रकारका कार्यक्रम सञ्चालनमा कसरी न्यूनलागतमा वढी प्रतिफल प्राप्त गर्न सकिन्छ ,संकटमोचनका पूर्वतैयारी र साधन स्रोतको व्यवस्थापनको वारेमा गाउँपालिकास्तरीय र्‍यापिड रेस्पोन्स टिम (RRT) मार्फत गाउँपालिकामा प्रतिवेदन पेश गर्ने ।

(ग) कार्यक्रम कार्यान्वयनको क्रममाआइ पर्ने बाधा अड्चन फुकाउन गाउँपालिकामा अनुरोध गर्ने ।

(घ) कार्यक्रमको समग्र अनुगमन र मुल्यांकन गरी गाउँ कार्यपालिकालाई पृष्ठपोषण दिने ।

१०) **बैठक सम्बन्धी कार्यविधि :** (१) समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५
## विविध

**११.निर्देशन पालना गर्नुपर्ने :** कार्य सम्पादनको सिलसिलामा गाउँपालिकाले दिएको निर्देशन सवै समितिले पालन गर्नु पर्नेछ ।

**१२.विवादको समाधान :** कार्यक्रम कार्यान्वयनको सिलसिलामा कुनै विवाद उत्पन्न भएमा गाउँकार्यपालिकाबाट दिएको निर्देशन अन्तिम हुनेछ ।

**१३.सुविधा नपाउने :** यस कार्यविधि बमोजिम एकपटक सुविधा प्राप्त गरिसकेका लाभग्राहीले पुनः त्यस्तै प्रकारको सुविधा पाउने छैन ।

**१४.प्रचलित कानून बमोजिम हुने :** यस मापदण्डमा लेखिएको विषयमा यसै बमोजिम र नलेखिएको विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

अनुसूची : १
(दफा ६ को उपदफा १ (क) संग सम्बन्धित)

**राहत सामाग्री**

| राहत सामाग्री संकेत | परिवार सदस्य संख्या | चामल | दाल | खाने तेल | नुन | आलु | सावुन हात धुने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| प्याकेज १ | १ जना | ५ के.जि. | ०.५ के.जि. | ०.५ लिटर | १ पाकेट | २ के.जि. | १ गोटा | |
| प्याकेज २ | ३ जना सम्म | १५ के.जि. | १ के.जि. | १ लिटर | १ पाकेट | ३ के.जि. | १ गोटा | |
| प्याकेज ३ | ६ जना सम्म | ३० के.जि. | २ के.जि. | १ लिटर | १ पाकेट | ५ के.जि. | २ गोटा | |
| प्याकेज ४ | ६ जना भन्दा वढी | ५ के.जि.प्रति व्यक्ति थप | ३ के.जि. | १ लिटर | १ पाकेट | ५ के.जि. | २ गोटा | |

गुणस्तर :

चामल :- परमल वा सो भन्दा माथिल्लो गुणस्तर

दाल :- मसुरो

खानेतेल :- सनफ्लावर

आलु :- स्थानीय

नुन :- नेपाल गुणस्तर चिन्ह प्राप्त ( आयोडिन युक्त )

सावुन :- नेपाल गुणस्तर चिन्ह प्राप्त

द्रष्टव्य : आवश्यकता अनुसार स्थानीय खाद्य उत्पादन ( कोदो, मकै लगायत ) समेत राहत उपलव्ध गराउन सकिनेछ ।

अनुसूची : २

(दफा ३ संग सम्बन्धित)

निवेदनको ढाँचा

**राहत प्राप्त गर्ने व्यक्तिको विवरण**

१. नाम थरः २. बावुको नामः ३.बाजेको नाम

४. स्थायी ठेगाना : ५. हालको ठेगाना : ६.वसोवास गरेको टोल :

७.टेलिफोन वा मोवाइल नं.(भएमा) :

८.दैनिक ज्यालादारीमा कार्यरत स्थानः ९.गर्ने गरेको कामको विवरण :

१०.पेश गरेको कागजातको विवरणः(कम्तीमा कुनै एक कागजात संलग्न गर्नुपर्ने)

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा
ख. गरिब घर परिवार परिचयपत्रको प्रतिलिपि वा
ग. सवारी चालक अनुमतिपत्रको प्रतिलिपि वा
घ. अन्य

११.परिवार सदस्य संख्याः

१२. राहत लिने व्यक्तिको स्वःघोषणः

म र मेरो परिवारका सदस्यले रोजगारी, स्वरोजगारी वा अन्य कुनै माध्यमवाट आय आर्जन गरेका छैनन् । मैले यस्तो राहत सुविधा दोहोरो लिएको छैन र लिने पनि छैन । माथि पेश गरेको विवरण ठीक साँचो हो । व्यहोरा फरक परेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक :-
दस्तखत :
मिति :

आँठाको छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

सिफारिस गर्ने पदाधिकारीः-

दस्तखतः स्थानीय तहको नाम :

नामः पदः वडा नं.:

मिति :

अनुसूची ३
(दफा ४ को उपदफा २ संग सम्बन्धित)
इस्मा गाउँपालिका
वडा नं.................

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम | सदस्य संख्या | ठेगाना तथा फोन नं. | बावुको नाम | बाजेको नाम | राहतको विवरण ( संकेत नं.) | राहत वुझिलिनेको दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुसूची : ४

(दफा ४ को उपदफा ३ संग सम्बन्धित)

इस्मा गाउँपालिका

**प्रतिवेदनको ढाँचा**

| सि.नं. | राहत प्राप्त गर्ने व्यक्तिको नाम,ठेगाना | सदस्य संख्या | फोन नं. | बावुको नाम | बाजेको नाम | राहतको विवरण(संकेत) | मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |